सानीभेरी गाउँपालिका
Sanibheri Rural Municipality
गाउँकार्यपालिकाको कार्यालय
Office of The Rural Municipal Executive
सिम्ली, रुकुम (पश्चिम)
Simli, Rukum (West)
कर्णाली प्रदेश, नेपाल
Karnali Province, Nepal

☎ सम्पर्क: ९८५७८२४२५३
Email:info@sanibherimun.gov.np
sanibherimun@gmail.com
ito.sanibherimun@gmail.com

च.न.(Letter No.): ८०१
प.स.(Ref.No.): २०७९/०८०

मिति (Date): २०७९/०८/२८

विषय : सूचना ।

(प्रथम पटक प्रकाशित मिति: २०७९।०८।२८)

प्रस्तुत विषयमा यस कार्यालयको आ.व. २०७९।०८० मा प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत तरकारी वालीको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन (नयाँ र गत आ.व. मा संचालन भएकोलाई निरन्तरता) गर्नुपर्ने भएकोले सानीभेरी गाँउपालिका गाँउ कार्यपालिकाको मिति २०७९।०८।१८ गतेको निर्णय बमोजिम सानीभेरी गाँउपालिका वडा नं. ७ र ९ का इच्छुक कृषि समुह, सहकारी, कृषि फर्महरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन अर्थात मिति २०७९।०९।१३ गते कार्यालय समय भित्र तोकिएको ढाँचा (अनुसुची- १०) अनुसार कृषि विकास शाखामा आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ । साथै गत आ.व. मा संचालित पकेटहरुको निरन्तरताका लागी प्रगति प्रतिवेदन सहित माथी उल्लेखित मिति भित्र कृषि विकास शाखामा सम्पर्क गर्नुहुन समेत जानकारी गराइन्छ । यस विषयमा थप जानकारीका लागी ९८४४९७६५९२ र ९८४७९५३३२८ वा कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

<u>निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु :</u>

१) अनुसूची- १० बमोजिमको अनुदानका लागी आवेदन फाराम, निवेदन ।

२) सम्बन्धित निकायमा कृषि समूह, सहकारी संस्था, समिति, कृषि फर्म दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी

३) कार्यक्रम संचालन हुने स्थान -जग्गा, जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा ५ वर्षको सम्झौतानामा । (कम्तीमा ७ हे. क्षेत्रफल भएको) ।

४) निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपी ।

५) कृषि समूह, सहकारीको निर्णयको प्रतिलिपी ।

६) सम्बन्धीत वडा कार्यालयको सिफारिस पत्र ।

७) पुर्ण रुपमा भरिएको अनुसुची- ७ बमोजिमको आधारभुत तथ्यांक फाराम ।

दिपक बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत



CamScanner